का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २६५
❒ ३ मंसिर २०७८, शुक्रबार
❒ 19 November 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

## संकटग्रस्त सर्वोच्च

# अर्को अल्टिमेटम

राजनीतिक दलहरूको मौनता र सर्वोच्चकै न्यायाधीशहरु नरम बनेको संकेत पाएको नेपाल बार एशोसिएशनले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग चर्काएको छ । बारले आज दिउँसो तीन बजेसम्म प्रधानन्यायाधीश जबराले राजीनामा नदिए सशक्त आन्दोलन घोषणा गर्ने चेतावनी दिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै आन्दोलनरत नेपाल बार एशोसिएशनले फेरि अर्को अल्टिमेटम दिएको छ। बिहीबार पत्रकार सम्मेलन गर्दै बारले प्रधानन्यायाधीश जबरालाई राजीनामा गर्न अल्टिमेटम दिएको हो। यसअघि १० कात्तिकमा पनि राजीनामा नगरे आन्दोलन गर्ने चेतावनी दिएको थियो।

चार दिने अल्टिमेट अनुसार प्रधानन्यायाधीश जबराको राजीनामा नआए पछि बारले १४ कात्तिक देखि आन्दोलन जारी राखेको छ। शान्तिपूर्ण आन्दोलनमा प्रहरी हस्तक्षेप भएको भन्दै बारले एक सातादेखि प्रधानन्यायाधीश जबरालाई सर्वोच्च प्रवेशमै अवरोध गर्दै आएको छ। मूल गेटमा बारको अवरोध भएपछि प्रधानन्यायाधीश जबरा वैकल्पिक बाटो भएर सर्वोच्च प्रवेश गर्दै आएका छन्। बिहीबार पनि प्रधानन्यायाधीश जबरा वैकल्पिक बाटो भएर अदालत प्रवेश गरे।

तर बारको प्रदर्शनमा प्रहरी हस्तक्षेप हुँदा कानून व्यवसायीहरु घाइते भए। प्रहरी हस्तक्षेपपछि फेरि बारले अर्को अल्टिमेटम दिएको छ। बिहीबार बाँकी पृष्ठ २ मा



## ■ जबराबिना फुलकोर्ट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ मंसिर ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा बाहेक सर्वोच्च अदालतका न्यायाधीशहरु मात्रैको फुलकोर्टले नियमावली संशोधन र गोलाप्रथा कायम गर्ने कार्यविधि पारित गरेको छ। सर्वोच्चका १८ न्यायाधीश सहभागी फुलकोर्टले गोलाप्रथाबाट इजलास तोक्ने कार्यविधि पारित गरेको हो। गोलाप्रथा कायम गर्न सर्वोच्च अदालत नियमावली संशोधन गरिएको छ।

फुलकोर्टकोनिर्णय मुख्य रजिस्टार मार्फत् प्रधानन्यायाधीश समक्ष पठाइने स्रोतले जनाएको छ। प्रधानन्यायाधीश जबराले हस्ताक्षर गरेपछि संशोधित नियमावली कानून मन्त्रालय पठाइने छ। कानून मन्त्रालय हुँदै राजपत्रमा प्रकाशित भएपछि नियमावली संशोधन हुनेछ।

त्यसपछि सर्वोच्चका न्यायाधीशहरुले गोलाप्रथाबाट इजलास तोक्ने र सुनुवाई गर्नेछन्। न्यायाधीशहरुको फुलकोर्टले गोलाप्रथाबाट इजलास तोक्ने निर्णय गरिरहँदा नेपाल बार एशोसिएशनले भने प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले गोला तान्न नपाउने अडान लिएको छ। "प्रधानन्यायाधीशले गोला तान्न पाउनु हुन्न", बाँकी पृष्ठ २ मा

## 'अदालतलाई युद्धभूमि बनाइयो'

सर्वोच्च अदालत परिसरमा प्रहरीसँग झडप हुँदा नेपाल बार एशोसिएशनका अध्यक्ष चण्डेश्वर श्रेष्ठ सहित केही कानून व्यवसायी घाइते भएका छन्। यो घटनाप्रति बारले कडा भाषामा आपत्ति जनाएको छ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

बारको बक्तव्य

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग सहित आन्दोलन कानून व्यवसायीहरुको शान्तिपूर्ण प्रदर्शनमा प्रहरी हस्तक्षेप भएको छ। प्रधानन्यायाधीश जबरालाई सर्वोच्चमा प्रवेशमा अवरोध गर्दै आएको कानून व्यवसायीहरुको प्रदर्शनमा प्रहरी हस्तक्षेप भएको हो।

प्रहरी हस्तक्षेपबाट नेपाल बार एशोसिएशनका अध्यक्ष चण्डेश्वर श्रेष्ठ सहित केही कानून व्यवसायी घाइते भएका छन्। सर्वोच्च परिसरमै प्रहरी प्रवेश गरी कानून व्यवसायी घाइते बनाइएको प्रति बारले चर्को आपत्ति जनाएको छ। प्रधानन्यायाधीश जबराले सर्वोच्च अदालतलाई युद्ध मैदान बनाएको बारको आरोप छ। अध्यक्ष श्रेष्ठले बक्तव्य जारी गर्दै प्रधानन्यायाधीश जबरा र अदालत प्रशासनले युद्ध मैदान बनाएको आरोप लगाएका हुन्।

पहिलोपटक न्याय मन्दिरमा युद्धको बेला जस्तो एसएलआर बन्दूक बोकेका हतियारधारी प्रहरी प्रवेश गरेको बारले उल्लेख गरेको छ। "पहिलो पटक दंगा प्रहरीका साथ एसएलआर जस्तो युद्धका बेलामा प्रयोग गरिने हतियारधारी प्रहरी प्रवेश गराएर न्यायको मन्दिरलाई युद्ध मैदान बनाउने कार्यको घोर भर्त्सना र निन्दा गर्दछौं", बक्तव्यमा भनिएको बाँकी पृष्ठ २ मा

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल काठमाडौ
फोन नं. ४२५५४६४, हटलाइन १११६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np
यस कोषमा आवद्ध योगदानकर्ताहरुको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रुपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## एमालेमा ओलीको छाँया



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

नेकपा एमालेको १०औं महाधिवेशन नजिकिएको छ। चितवनमा हुने महाधिवेशनको तयारी तीव्र पारिएको छ। नारायणी किनारामा उद्घाटन हुने महाधिवेशनको मैदान निर्माण देखि, आवास, खाद्य व्यवस्थापन, स्वयम सेवक परिचालन, प्रतिनिधि चयन देखि प्रचार कार्य तीव्र बनाइएको छ। तर अहिलेसम्म नेतृत्वबारे छलफल भने मौन छ।

अध्यक्ष केपी शर्मा ओलीले फेरि नेतृत्वमा दोहोरिने निश्चित भएपनि बाँकी पदहरुमा नेताहरुको दावेदारी सार्वजनिक हुन सकेको छैन। अध्यक्ष ओली नै निर्विरोध हुने वा नहुने पनि निश्चित छैन। १० बुँदे सहमति गरी एमालेमै बसेका उपाध्यक्ष भीम रावल र उपमहासचिव घनश्याम भूसालले ओलीलाई चुनौती दिने संकेत गरेपनि बाँकी नेताहरुले मुख खोलेका छैनन्। "अध्यक्ष निर्विरोध हुने संभावना धेरै छ। तर अरु पदाधिकारीबारे भने कुनै छलफल भएको छैन", एक नेता भन्छन्।

एमालेले १५ पदाधिकारी सहित २२५ सदस्यीय केन्द्रीय कमिटी चयन गर्दैछ। केन्द्रीय सदस्यहरु सर्वसहमत हुने संभावना भने न्यून छ। पदाधिकारीमै पनि निर्विरोधको संभावना देखिदैन। किनभने अहिले नै एमालेमा १२ पदाधिकारी छन्। कोही पनि अहिलेको पद भन्दा तल झर्न वा छोड्न तयार छैनन्। दुई उपाध्यक्ष वामदेव गौतम र विद्यादेवी भण्डारी बाहेक सबै पदाधिकारी एमालेमै छन्। गौतमले एमाले छोडेका छन् भने भण्डारी राष्ट्रपति छन्।

> नेकपा एमालेको १० औं महाधिवेशन आउन केही दिन मात्रै बाँकी रहेपनि प्रमुख नेतृत्व बाहेक अन्य पदाधिकारीबारे थप छलफल हुन सकेको छैन । यसको प्रमुख कारण भने अध्यक्ष केपी शर्मा ओलीकै कारण नेताहरुले दावेदारी नै सार्वजनिक नहुनु हो ।

बाँकी उपाध्यक्षहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र भीम रावल बरिष्ठ उपाध्यक्ष वा कम्तिमा अहिलेको पद जोगाउन चाहन्छन्। महासचिव ईश्वर पोखरेलले विधानका कारण फेरि त्यो पदमा रहन पाउने छैनन्। एमाले विधानले एउटै पदमा दुई पटक भन्दा धेरै दोहोरिन मिल्दैन। पोखरेल दुई पटक महासचिव भइसके। त्यसैले एमालेले गरेको नयाँ व्यवस्था बरिष्ठ उपाध्यक्ष वा उपाध्यक्ष हुनुपर्नेछ।

दुई महासचिव विष्णुप्रसाद पौडेल र घनश्याम भूसाललाई व्यवस्थापन गर्न सजिलो छैन। पाँचै जना सचिव अघिल्लो पद वा त्यही पद दोहोर्‍याउन चाहन्छन्। सचिवहरु प्रदीप ज्ञवाली, गोकर्ण बिष्ट, पृथ्वीसुब्बा गुरुङ, भीम आचार्य र योगेश भट्टराई साविकको बाँकी पृष्ठ २ मा

# फेरि शुरु भयो इराक पठाउने धन्दा

## गोरखा, तनहुँ, लमजुङ, कास्कीका सयौं युवा इराकमा

**सुरिन भुजेल/मध्यान्ह**
यूएई, २ मंसिर

सरकारले खाडी मुलुक इराकमा वैदेशिक रोजगारीमा जान रोक लगाए पनि मानव तस्करले सेटिङ गरी नेपालीलाई उक्त मुलुक पुर्‍याइरहेको पाइएको छ। मानव तस्करले सेटिङ गरी भिजिट भिसामा दुबई हुँदै इराक पठाइरहेको स्रोतको दाबी छ।

तलब सुविधा र ज्यानको सुरक्षा नभए पनि दलालहरुले इराकको रोजगारीका नाममा चार लाख रूपैयाँसम्म असुली गर्ने गरेको बताइएको छ। उक्त गिरोहले आकर्षक तलब सुविधाको प्रलोभन दिएर काठमाडौंमा आधा रकम लिने र आधा रकम इराक पुगे पछि दिने शर्तमा यो धन्दा चलाइरहेको इराक पुगेका एक कामदारका आफन्तले मध्यान्हलाई बताए।

मानव तस्करहरुले पछिल्लो समय गोर्खा, तनहूँ, लमजुङ, काल्की लगायतका जिल्लाहरुबाट सयौंको संख्यामा सुवाहुलाई इराक् पठाइरहेको बुझिएको छ। दुबईमा बराकको धन्दा गर्ने मानव तस्करहरुको निकै चलखेल बढिरहेको छ।

विगतमा भारत र तेस्रो मुलुकका विमानस्थलबाट लैजाने तस्करहरूले हाल नेपालकै अध्यागमन र एयरलाइन्सका कर्मचारीसँगको मिलेमतोमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट इराक् पठाइरहेको बताइएको छ। उनीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट राति उडान गर्ने फ्लाइटबाट भ्रमणको उद्देश्य नखुले पनि आर्थिक मिलेमतोमा प्रस्थान अनुमति दिने गरेको पनि श्रोतले मध्यान्हलाई बतायो।

नेपालबाट खाडी मुलुक भिजिटमा जान चाहनेले एक हजार अमेरिकी डलर, बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## विप्रेषणलाई दीर्घकालीन हितका लागि उपयोग गर्न आग्रह

**काठमाडौं/रासस–** दोलखाको वैतेश्वर गाउँपालिका-३ मैनापोखरीका जीवेश दाहाल संयुक्त अरब इमिरेटमा काम गर्दैछन्। देशभित्र रोजगारीको अवसर नपाएपछि विदेशिएका दाहालले आईएमई मार्फत एक लाख ५६ हजार ५ सय ५८ घर पठाए। उनका लागि यो नियमित प्रक्रिया जस्तै थियो। दुःख गरेर कमाएको पैसा सहजै घर परिवारमा पुगोस् भन्ने मात्रै चाहना थियो।

आईएमईले हरेक वर्षजस्तै यसवर्षको चाडपर्वका अवसरमा समेत 'आईएमई डबलको डबलको डबल' अफर सञ्चालन गरेको थियो। सोही क्रममा बिहीबार आईएमईले प्रविधिमा आधारित 'लक्की ड्र' गर्‍यो। बाँकी पृष्ठ २ मा

कर्मचारी चाहियो

एक प्रतिष्ठित कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

| S.N. | Post | QYT | Male /Female |
|---|---|---|---|
| 1 | Accountant | 1 | Male/Female |
| 2 | Admin | 2 | Male/Female |
| 3 | Office Secretary | 1 | Female |
| 4 | Receptionist | 1 | Female |

तलब आपसी सम्झदारीमा

म्यानपावर सम्बन्धी अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ ।
Accountatnt र Office Secretary को हकमा Bachelor's र Admin र Receptionist को हकमा +2 पास गरेको हुनुपर्ने छ ।

फोनः ०१-४५२७०५८ । मोबाईल : ९८१५३७९९२१
Email: info@sesnepal.com

# राष्ट्रियसभा निर्वाचन माघ १२ गते

काठमाडौं/मस-राष्ट्रियसभा निर्वाचन माघ १२ गते हुने भएको छ। मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले निर्वाचनको मिति तोकेको हो।

राष्ट्रियसभाका २० सदस्यको कार्यकाल फागुन २० गते सकिँदैछ। उनीहरुमध्ये एक जना राष्ट्रपतिबाट मनोनित हुने हुन् भने १९ जना निर्वाचनबाट आउनेछन्।

संसद् सचिवालयका अनुसार एमालेबाट पदावधि सकिन लागेका सांसदमा अगमप्रसाद बान्तवा राई, कविता बोगटी, कोमल वली, चक्रप्रसाद स्नेही, नैनकला ओझा, परशुराम मेघी गुरुङ, रामलखन चमार र सुमनराज प्याकुरेल छन्।



माओवादी केन्द्रका खिमबहादुर विक, जीवन बुढा, दीनानाथ शर्मा, शशीकला दाहाल र रामनारायण बिडारीको पनि पदावधि समाप्त हुँदैछ। बिडारी तत्कालीन नेकपा नेतृत्वको सरकारको सिफारिसमा राष्ट्रपति भण्डारीद्वारा मनोनित राष्ट्रियसभा सदस्य हुन्। एमालेबाट विद्रोह गरेर बनेको नेकपा (एकीकृत समाजवादी) का उदया शर्मा पौडेल, ठगेन्द्रप्रसाद पुरी, शान्तिकुमारी अधिकारी र शेरबहादुर कुँवरको पनि चार वर्षे कार्यकाल आगामी फागुन २० मै सकिन्छ।

यस्तै कांग्रेसका दृगनारायण पाण्डेय, तारादेवी भट्ट र राधेश्याम अधिकारीको पनि पदावधि सकिन लागेको छ। माओवादी सांसद् चन्द्रबहादुर खड्का पार्टी परित्याग गरी एमालेमा लागेपछि कारबाहीमा परेका थिए। उनको स्थानमा २०७८ जेठ १७ गते भएको उपनिर्वाचनमा कांग्रेसका पाण्डेय विजयी भए। निर्वाचन आयोगका अनुसार पाण्डेय खड्काकै स्थानमा निर्वाचित भएका कारण उनको कार्यकाल पनि फागुन २० मा सकिन्छ।

कार्यकाल सकिनुभन्दा ३५ दिन अगाडि राष्ट्रियसभा निर्वाचन सम्पन्न गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ। सोहीअनुसार निर्वाचन आयोगले माघ १५ गतेभित्र निर्वाचन गर्न आग्रह गरेको थियो।

# प्रधानमन्त्री र अमेरिकी सहायक विदेशमन्त्रीबीच भेट

काठमाडौं/मस- नेपाल भ्रमणमा रहेका अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेका छन्।



बिहीबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा लुले देउवालाई भेटेका हुन्। भेटबारे देउवाले सामाजिक सञ्जालमार्फत् जानकारी गराएका छन्।

भेटको क्रममा दुई देशबीचको पारस्पारिक सम्बन्ध, सहयोग र बहुआयामिक द्विपक्षीय सम्बन्धका विभिन्न पक्षामा छलफल भएको थियो। नेपालको राजनीतिक नेतृत्व, उच्च सरकारी अधिकारी र विकास साझेदारहरूसँग परिचित हुन तीन दिने भ्रमणका लागि बुधबार बेलुका लु नेपाल आइपुगेका हुन्।

शुक्रबार परराष्ट्रमन्त्री नारायण खड्कालाई भेट्ने कार्यक्रम तय भएको छ। काठमाडौं बसाइँका क्रममा उनले सरकारका नेतृत्वकर्ताहरूसँग भेटघाट गर्नुका साथै सांस्कृतिक सम्पदा स्थलहरूको अवलोकन गर्ने अमेरिकी दूतावासले जनाएको छ। नेपालमा अमेरिकी सहयोगमा सञ्चालित परियोजनाको अवलोकन पनि गर्नेछन्।

# चोरीपैठारीका सामान बरामद

काठमाडौं/मस-सशस्त्र प्रहरी बल नेपालको टोलीले बिहीबार विभिन्न जिल्लाबाट सात लाखबढी मूल्य बराबरका चोरी पैठारीका सामान बरामद गरेको छ। उक्त टोलीले सर्लाही, बारा र महोत्तरीबाट सो सामान बरामद गरेको हो। टोलीले करिब रु चार लाख १४ हजार बराबरको चोरीपैठारीको किराना सामान तथा औषधि महोत्तरीको सम्सी गाउँपालिका-६ बाट बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय काठमाडौंले जनाएको छ।

भारतबाट अवैधरुपले ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट सम्सीका प्रहरी निरीक्षक भीमबहादुर रानाको नेतृत्वमा खटिएको टोलीले बरामद गरेको हो। बरामद सामान भन्सार कार्यालयमा बुझाइएको जनाइएको छ।

यसैगरी सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण बाराबाट प्रहरी निरीक्षक गणेशबहादुर थापाको नेतृत्वमा खटिएको टोलीले बिहीबार करिब रु एक लाख २६ हजार बराबरको चोरीपैठारीका लत्ताककपडा बरामद गरेको छ।

### संकटग्रस्त...

पत्रकार सम्मेलन गरी बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले आज दिउँसो तीन बजेसम्म राजीनामा गर्न प्रधानन्यायाधीश जबरालाई अल्टिमेटम दिएका छन्। बिहीबार आकस्मिक पत्रकार सम्मेलन गरी बारले राजीनामा गर्न अल्टिमेटम दिएको हो।

अल्टिमेटमभित्र राजीनामा नआए अर्को चरणको आन्दोलन घोषणा गर्ने बारले चेतावनी दिएको छ। सर्वोच्चका न्यायाधीशहरु केही नरम भइरहँदा बारले भने राजीनामाको माग नआएसम्म आन्दोलन नरोक्ने चेतावनी दिदै आएको छ। राजनीतिक दलहरुले सर्वोच्चको विवादमा केही नबोल्ने बारको आन्दोलनकै कारण सर्वोच्चका न्यायाधीशहरु समेत दबावमा परेका छन्।

कार्यकारीसँग भागबण्डामा न्यायालयको सौदाबाजी गरेका प्रधानन्यायाधीश जबराले राजीनामालाई बारले बटमलाइन बनाउँदै आएको छ। प्रधानमन्त्री शेरबहादुर देउवासँग मन्त्री कोटा मागेपछि बार आन्दोलित भएको छ। प्रधानन्यायाधीश जबराका नातेदार गजेन्द्रबहादुर हमाललाई प्रधानमन्त्री देउवाले गएको २२ असोजमा उद्योग मन्त्री नियुक्त गरेका थिए। हमालले तीन दिनभित्रै राजीनामा दिए।

मन्त्रीको भागबण्डा लिनुअघि प्रधानन्यायाधीश जबराले अघिल्लो सरकारसँग पनि भागबण्डा लिएका थिए। संवैधानिक नियुक्तिमा प्रधानन्यायाधीश जबराको भागमा १२ पद परेको थियो। केपी शर्मा ओलीसँग भागबण्डा लिएर प्रधानन्यायाधीश जबराले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर बसेको बैठकमा भाग लिएका थिए। उक्त नियुक्ति विरुद्ध परेको मुद्दा सर्वोच्चमा विचाराधीन छ। तर प्रधानन्यायाधी जबराकै कारण सुनुवाइ हुन सकेको छैन। कार्यकारीसँग भागबण्डा लिएर न्यायालयको गरिमा संकटमा पारेको भन्दै कानून व्यवसायीहरु आन्दोलित छन्।

### जबराबिना....

सर्वोच्च बारका अध्यक्ष पूर्णमान शाक्यले भने। प्रधानन्यायधीशको आफूखुशी गर्ने अधिकार कटाउन गोलाप्रथा आवश्यक परेको उनले बताए।

तर प्रधानन्यायाधीश जबराको राजीनामाको मागलाई कमजोर बनाउनेगरी गोलाप्रथा कायम गरी बहस नगर्ने शाक्यले बताए। "हाम्रो उद्देश्यमा तलमाथि पर्ने अवस्था आयो भने हामी मान्दैनौं", अध्यक्ष श्रेष्ठले भने।

कार्यकारीसँग भागबण्डा लिएर न्यायिक विश्वास कमजोर पार्ने काम प्रधानन्यायाधीश जबराले गरेको भन्दै न्यायाधीशहरुले राजीनामा माग सहित इजलास बहिष्कार गर्दै आएका छन्। ८ कात्तिक देखि न्यायाधीशहरुले बन्दी प्रत्यक्षीकरण बाहेकको सुनुवाई गरेका छैनन्। गएको मंगलबार देखि पाँच न्यायाधीश काममा फर्किए पनि फेरि अन्य न्यायाधीशहरुलाई साथ दिने निर्णयमा पुगेका छन्।

### अदालतलाई...

छ। सर्वोच्च परिसरलाई युद्ध मैदान बनाइएको घटनाप्रति स्तब्ध बनेको समेत बारको बक्तव्यमा छ।

बारका केन्द्रीय सदस्य प्रकाश महर्जन टाउकोमा गम्भीर चोट लागेकाले उपचार भइरहेको जनाइएको छ। वरिष्ठ अधिवक्ता सविता भण्डारी बराल, सर्वोच्च बार एसोसिएसनका सचिव ऋषिराम घिमिरे, अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, युवराज बञ्जाडे, नितेश श्रेष्ठ, रमणलाल कर्ण लगायत घाइते भएका छन्।

बारले सर्वोच्च परिसरमा प्रहरी हस्तक्षेपको छानबिन गर्न माग गरेको छ। शुक्रबारबाटै प्रहरी हटाउन पनि बारले चेतावनी दिएको छ। प्रहरी हस्तक्षेप प्रति सर्वोच्च अदालतका १८ न्यायाधीशले विरोध जनाएका छन्। सर्वोच्च परिसरभित्र कानून व्यवसायीमाथि भएको प्रहरी हस्तक्षेपको न्यायाधीशहरुले विरोध जनाएका हुन्।

"अदालत परिसरमा कानुन व्यावसायी माथि भएको बल प्रयोगको घटनाप्रति हामी दुखी छौं। सर्वोच्च प्रशासनलाई सावधानी अपनाउन निर्देशन पनि दिएका छौं", एक न्यायाधीशले भने। प्रहरी हस्तक्षेपबाट कानून व्यवसायी घाइते भएकोप्रति मानव अधिकार आयोगले पनि ध्यानाकर्षण जनाएको छ। शान्तिपूर्ण आन्दोलनमा उत्रिएका कानून व्यावसायी माथि भएको अनावश्यक प्रहरी हस्तक्षेप रोक्न आयोगले निर्देशन समेत दिएको छ।

अदालत परिसरमा कानून व्यावसायी माथि बल प्रयोग गरिनु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून बिपरीत भएको आयोगले उल्लेख गरेको छ। आयोगका प्रवक्ता टीकाराम पोखरेलले जारी गरेको विज्ञप्तिमा घाइतेको निशुल्क उपचार र घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग गरिएको छ। सर्वोच्च परिसरमा भइरहेको घटनाप्रति आयोगले निरन्तर अनुगमन गरिरहेको पनि जनाएको छ।

### एमालेमा ...

पद वा त्यो भन्दा माथि जान चाहन्छन्। नवौं महाधिवेशनमा पदाधिकारी पराजित स्थायी कमिटी सदस्यहरुको चाहना सम्बोधन सजिलो हुने छैन। सुरेन्द्र पाण्डे, रघुजी पन्त, शंकर पोखरेल, लालबाबु पण्डित, रघुबीर महासेठ, विष्णु रिमाल, छबिलाल विश्वकर्मा लगायतको व्यवस्थापन सजिलो छैन।

तर एमाले न निर्विरोधको विकल्प सजिलो छ, न त निर्वाचनका निम्ति कोही बोल्न सकेका छन्। अझ माओवादी छोडेर आएका रामबहादुर थापा बादल, लेखराज भट्ट, टोपबहादुर रायमाझी, मणि थापा, प्रभु साहहरुको व्यवस्थापन चुनौती देखिन्छ। तर कसैले पनि दावेदारी सार्वजनिक नगर्नुको प्रमुख कारण भने सबै नेताहरुले ओलीको मुख ताक्नु हो। अनि ओलीले भने कसैलाई कुनै आश्वासन दिएका छैनन्।

### फेरि...

दोहोरो हवाई टिकट र होटल बुकिङको कागजपत्र देखाउनु पर्छ। मानव तस्करी गिरोहले अध्यागमनले तोकेका सबै प्रीक्रिया पु¥याइदिने गरेको पनि बताइएको छ।

### विप्रेषणलाई...

त्यसमा सार्वजनिक गरिएको नतिजाअनुसार आईएमईका सेवाग्राही दाहाल विजेता छनोट भए। आईएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाल तथा ब्राण्ड एम्बेसडर दीपकराज गिरी र दीपाश्री निरौलाले संयुक्त रूपमा प्रविधिमा आधारित स्टार्ट बटन क्लिक गरी बम्पर विजेता छनोट गरेका थिए।

बम्पर पुरस्कारमा दाहालले पठाएको रकमको आठ गुणा बढी प्राप्त गरे। त्यो भनेको रु १२ लाख ५२ हजार बराबरको रकम रहेको आईएमईका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले जानकारी दिए। बम्पर पुरस्कार विजेता दाहालले प्राप्त रकम बाखा पालन विस्तारमा उपयोग गर्ने बताए। उनका घरपरिवारले दोलखामा बाखा पालन गरिरहेका छन्।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा आईएमई गुर्पका अध्यक्ष ढकालले विप्रेषणलाई दीर्घकालीन प्रतिफल दिने क्षेत्रमा लगानी गर्न सुझाव दिए। उनले अहिले विप्रेषणको अधिकांश हिस्सा दैनिक उपभोग्य क्षेत्रमा गइरहेको बताउँदै त्यसलाई दीर्घकालीन प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्ने बताए।

'आजभन्दा २० वर्ष अगाडि नेपालमा २० प्रतिशत औपचारिक रुपमा र बाँकी अनौपचारिक रुपमा स्वदेशमा पैसा आउँथ्यो, तर अहिले ठ्याक्कै उल्टो भएको छ, यसमा हामीले महत्वपूर्ण काम गरेको आभास भएको छ, देशमा रेमिट्यान्स भित्र्याउन समग्र अर्थतन्त्रमा योगदान पुर्याउनका लागि महत्वपूर्ण काम गरेको हाम्रो बुझाइ छ,' उनले भने।

आईएमईका प्रमुख कार्यकारी अधिकृत पोखरेलले संस्थागत सामाजिक उत्तरदायित्वको रुपमा होस् वा अन्य समयमा पनि आम सर्वसाधारणका समस्या समाधान गर्ने प्रयास आईएमईले हरेक वर्ष गर्दै आएको जानकारी दिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५।१०।२४ मा दर्ता भएको **प्रा.लि. नं. २०८३७१** को **मुकुन्दसेन बिज्नेस ग्रुप** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **आयुष ओभरसिज प्रा.लि. (ई.प.नं. १३४१)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**Narainapur Rural Municipality**
**Office of Rural Municipal Executive**
**Narainapur, Banke**
**Lumbini Province, Nepal**

**Notice of Intent to Award the Bid**

**Date of publication: Mangsir 3rd, 2078 (November 19th, 2021)**

This is to notify all the bidders that, it is our intent to Award the Contract for bid notice dated 19nd Ashoj, 2078 (5th October, 2021), for execution of the contract as mentioned below to the bidder with bid prices corrected & modified in accordance with the Instructions to bidders & hereby selected substantially responsive Lowest Evaluated Bid.

| S.N. | Contract Identification | Name of Project | Selected Bidders Name & Address. | Bid Amount ( with PS and VAT) |
|---|---|---|---|---|
| 1 | NRM/WORKS/ NCB/13-2078/079 | Supply & Laying of Gravel to the different wards in Narainapur Rural Municipality, Narainapur, Banke | Rajesh Nirman | 45,65,196.75/- |

**(Dal Bahadur Basnet)**
**Chief Administrative Officer**

**भूल सुधार**

मिति २०७८/०८/०२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नाम: **Al Mawja Lifeguard Services , पूर्व स्वीकृत मिति:** २०७६/१०/१२, **चलानी नं.:** ६०१५०५५० **र L.T. No.:231850, को विज्ञापनमा कामदारको पद Life Guard को महिला माग संख्या २ जना, Accountant को पुरुष माग संख्या १ जना र Office Supervisor को पुरुष माग संख्या १ जना,** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**मास्टर जब प्रा. लि.**
श्रम इजाजत नं.: ८२७/०६६/०६७
तिलगंगा, एयरपोर्ट, काठमाडौं, नेपाल, फोन: ४११२५९२

**साउदीमा रोजगार** | १. कम्पनी: **KAMAR AL-YAMAMAH CO.** शहर: **SAUDI**

पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८०१९ LT. No.: 251023

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1800 | ५६,८०० | | | | | | | |

२. कम्पनी: **SWEET DATE CAFE TO SERVE DRINKS** शहर: **RIYADH**

पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८०२२ LT. No.: 251171

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
साबिक: **Taiba Rise Management PVT.LTD**
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

**साउदीमा रोजगार** **1. AL LAHIB RESTAURANT,**
पूर्व स्विकृति मिति: २०७८।८।२ चलानी नं. ६०१६७९९० LT No. 250478

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

2. LAMAAT AL-EBDAA MAINTENANCE AND CLEANING COMPANY, One Person Company
पूर्व स्विकृति मिति: २०७८।८।२ चलानी नं. ६०१६७९९२ LT No. 251093

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 50 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

3. OTHMAN MUQBEL MASIR AL DHAFIRI CONSTRUCTION CONTRACTING EST.,
पूर्व स्विकृति मिति: २०७८।८।२ चलानी नं. ६०१६७९८९ LT No. 250410

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

4. SALAH ABDULLA MOHD AL SHAHRY GEN. CONT. EST.,
पूर्व स्विकृति मिति: २०७८।८।२ चलानी नं. ६०१६७९९१ LT No. 250510

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 01 | काममा दक्ष | 1800 | 54000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ मंसिर १० गते (26 November 2021) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

लागत खर्च: कम्पनी नं १, २ र ३ को रू. १०,००० र कम्पनी नं. ४ को नि:शुल्क

**INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Balaju-16, kathmandu, LIC.NO. 424/060/061, Ph: 4358728, 4362446

**कुबेतमा रोजगार**
AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L., KUWAIT
पूर्व स्विकृति मिति: २०७८।०८।०२ चलानी नं. ६०१६७९२७ LT No. 251100

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 28 | 0 | काममा दक्ष | 90 | 35305 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 25 | 0 | | 125 | 49035 | | | | | | | |
| 3 | Salesman | 40 | 0 | | 130 | 50996 | | | | | | | |
| 4 | Counter Cashier | 20 | 0 | | 150 | 58842 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |


**★अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November2021) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

लागत खर्च: १०,०००

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं. ४०३४६७७, ९८५११२५२७५ Email:manakamanamfec@gmail.com

# बाढीपहिरो पीडितले रुँदै देश छोड्न नपरोस् : सभामुख थापा



**रिदम सिंह/मध्यान्ह**
बझाङ, २ मंसिर

सुदुरपश्चिम प्रदेशका सभामुख अर्जुन थापाले बाढीपहिरोबाट प्रभावित भएकाहरुले रुँदै देश छोड्ने अवस्था आउन नदिन सरकारले बेलैमा सोच्न पर्ने बताएका छन् ।

बाढीपहिरोले बझाङमा पुऱ्याएको क्षतिको स्थलगत निरीक्षणका आएका सभामुख थापाले तत्काल विस्थापितहरुलाई राहत र पुनःस्थापना गर्न सरकारले ढिलाई गर्न नहुने बताए । उनले बाढी पहिरो पीडितका लागि प्रदेश र संघीय सरकारले रोजगारीका कार्यक्रमहरु ल्याउनुपर्ने बताए ।

बेमौसमी वर्षासँगै आएको बाढी र पहिरोबाट पीडितहरुलाई कामको लागि दाम कार्यक्रम संचालन गर्नुपर्ने सभामुख थापाको भनाइ छ । 'विपद पीडितहरुलाई सम्बोधन हुने खालका कार्यक्रम संचालन गर्न नसके पीडितहरुलाई जीवन निर्वाह गर्न समस्या हुन्छ' विपद प्रभावित क्षेत्रको स्थलगत निरीक्षणपछि थापाले भने ।

बझाङको जयपृथ्वी नगरपालिका, मष्टा, खप्तड छान्ना, थलारा, केदारस्यूँ, वित्थडचिर गाउँपालिकामा भएको क्षतिको स्थलगत निरीक्षण गरेपछि सभामुख थापाले सबै विपत पीडितहरुलाई राहत प्याकेजमा समेट्न नसकेको बताए । 'जिल्लामा जग्गा बगाएर सयौं परिवार सुकुम्बासी भएका छन, तर घर पूर्ण रुपमा क्षति भएको र मृत्यु भएका पीडितलाई मात्रै सरकारले राहत दिने निर्णय गरेको छ', थापाले भने,'पीडितहरुलाई राहत प्याकेज र रोजगारीसँग जोड्न सकिएन भने सुदुरपश्चिमका अधिकांश युवाहरु विदेश पलायन हुने अवस्था आउने छ । घर जोखिममा परेका, पशुपालन र अन्य उद्योगमा क्षति भएकाहरुलाई पनि राहत कार्यक्रमले समेट्नुपर्छ ।'

सेती नदी, डुङग्रीगाड, बाहुलीगाड, जडारीगाड र कालंगागाड लगायत नदी र खोलाहरुले ५ हजार रोपनीभन्दा बढी जग्गा कटान गरेको बताउँदै थापाले नदीले बगाएको ६० प्रतिशत भन्दा बढी जग्गालाई पुनः खेतीयोग्य बनाउनका लागि पीडितहरुलाई अनुदान दिनुपर्ने बताए । आउने जेठ महिनासम्म खेती गर्न मिल्ने गरी ६० प्रतिशत जग्गा पुनर्निर्माण गर्न सकिने अवस्था भएकाले निश्चित मापदण्ड बनाएर किसानलाई कामको आधारमा दाम दिनुपर्ने सभामुख थापाले जोड दिए । बगाएको जग्गाको पुनर्निर्माणसँगै नदी नियन्त्रणका कामहरु पनि थाल्नुपर्ने उनको भनाइ छ ।

जिल्लामा भएको क्षतिको विवरण, पुनर्निर्माण र पुनर्स्थापनाको लागि सुदुरपश्चिम सरकारलाई आफुले पनि विषेश अनुरोध गर्ने थापाले बताए । 'मैले यो विषयमा मुख्यमन्त्रीलाई भेटेरै पनि अनुरोध गर्नेछु', थापाले भने,'यस विषयमा प्रदेश सभाको ध्यानाकर्षण गराउनका लागि पनि प्रयास गर्छु ।'

# सातै प्रदेशबाट रेबिज इम्युनोग्लोबुलिन सेवा

**काठमाडौं/मस-** सरकारले रेबिज इम्युनोग्लोबुलिनको कार्यक्रममा नयाँ पद्धतिको शुरुवात गरेको छ। सरकार रेबिजविरुद्धको खोपलाई प्रदेश र जिल्ला हुँदै स्थानीय तहसम्म पुऱ्याउने रणनीति लिएर अघि बढिरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अब देशको सात वटै प्रदेशको ९ वटा अस्पतालबाट रेबिज इम्युनोग्लोबुलिनको सेवा विस्तार गर्न लागेको बताएको हो ।



बिहीबार स्वास्थ्य मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्री बिरोध खतिवडाले तत्काल सात वटै प्रदेशबाट सेवा प्रदान गर्ने र आगामी आर्थिक वर्षमा आवश्यकता र औचित्यको आधारमा सबै जिल्लामा यस सेवालाई विस्तार गर्न आवश्यक व्यवस्था मिलाइने बताए। सन् २०३० सम्ममा विश्वमै रेबिजबाट हुने मानव मृत्यु शुन्यमा झार्ने लक्ष्य सन् २०३० सम्ममा रेबिजका कारण हुने मानव मृत्यु शून्यमा झार्ने लक्ष्यका साथ सरकार अघि बढि रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. कृष्ण पौडेलले जानकारी दिए ।

रेबिज रोग, रेबिज ग्रस्त कनै पनि स्तनधारी प्राणिहरुबाट मानिसमा सर्न सक्ने र रेबिज भाइरसबाट लाग्ने प्राणघातक रोग हो । रेबिज रोग लागेमा उपचार छैन यसको उपचार नभएकोले शंकास्पद रेबिज सङ्क्रमित जनावरले टोकेमा तत्काल एन्टि रेबिज भ्याक्सिन लगाउन डा.पौडेलले आग्रह गरे । रेबिज इम्युनोग्लोबुलिन एउटा औषधि हो, जुन रेबिज लाग्न सक्ने जनावरले टोकेपछि घाउको वरीपरी सुइको माध्यमले लगाइन्छ ।

सामान्यतया एन्टिरेबिज भ्याक्सिन लगाएको ७ देखि १०दिन भित्र मात्र शरिरले एन्टिबडी बनाउन थाल्दछ । एक वा एक भन्दा बढि घाउ हुने गरि टोकेमा, ठुलो घाउ हुनेगरि टोकेमा, स्युकस मेम्ब्रेन वा छाला फुटेको ठाउँमा रेविज शंकास्पद जनावरको र्‍याल परेमा वा अनुहार र हातमा टोकेमा बढी जोखिम मानिन्छ र यस्तो टोकाइहरु बढि संबेदनशील हुने हुँदा तत्काल रेबिज भाइरसलाई निष्कृय बनाई रेबिजको कारण हुन सक्ने जोखिम कम गर्ने उदेश्यले रेबिज इम्युनोग्लोबुलिनको सुई दिनुपर्ने हुन्छ ।

यसले रेबिजभाइरसलाई निष्कृय गराउने हुँदा यो जहिले पनि घाउको वरीपरी नै लगाईन्छ । रेबिज इम्युनो ग्लोबुलिनको सुइ जीवनमा एक पटक मात्र लगाए पुग्ने डा. पौडेलले बताएका छन् । हाल देशका विभिन्न अस्पताल लगायत केहि प्राथमिक स्वास्थ्य केन्द्रहरुमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट निःशुल्क प्राप्त भएको एन्टी रेबिज भ्याक्सिन टिकट शुल्क मात्र लिएर निःशुल्क प्रदान गर्ने गरिएको छ भने रेबिज इम्युनोग्लोबुलिनकाको हकमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुबाट मात्र निः शुल्क प्रदान गर्ने गरिएको छ ।

यसो गर्दा रेबिज इम्युनो ग्लोबुलिनको आवस्यकता भएका सबै सेवाग्राही उक्त सेवा लिन शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुनै आउनु पर्ने बाध्यता रहेको छ । चिकित्सक भएको प्राथमिक स्वास्थ्य केन्द्र तहबाट नै सेवा लिन सकिने अवस्था हुँदाहुँदै पनि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालबाट मात्र सेवाप्रदान गर्ने व्यवस्थाका कारण नागरिकको स्वास्थ्य सेवामा हुने आउट अफ पकेट एक्सपेन्डीटर बढि रहेको छ भने समयमै इम्यूनोग्लोबुलिन लगाउन नपाउनाले वा इम्यूनोग्लोबिन सेवामा पहुँच नहुनाले रेबिज लागि मर्न बाध्य भएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको मात्र बिगत ७ वर्षको तथ्यांक हेर्ने हो भने रेबिजकै कारण बार्षिक १५ जना देखि ३६ जना सम्मको मृत्यू भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सरकारले मंसिर ५ गतेबाटै देशको सात वटै प्रदेशका नौ वटा अस्पतालबाट रेबिज इम्युनो ग्लोबुलिनको सेवाप्रवाह गर्ने व्यवस्था मिलाएको स्वास्थ्य मन्त्री खतिवडाले जानकारी दिएका छन्। प्रदेश नं. १ को कोशी अस्पताल, विराटनगर, प्रदेश नं. २ को जनकपुर प्रादेशिक अस्पताल, धनुषा र नारायणी अस्पताल, पर्सा, बागमती प्रदेशको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा, भरतपुर अस्पताल, चितवन, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, लुम्बिनी प्रदेशको लुम्बिनी अस्पताल, बुटवल, कर्णाली प्रदेशको सुर्खेत अस्पताल,सुर्खेत र सुदूरपश्चिम प्रदेशको सेति प्रादेशिक अस्पताल, धनगढी गरि सात प्रदेशको ९ वटा अस्पतालबाट रेबिज इम्युनोग्लोबुलिनको सेवा प्रदान गर्न लागिएको मन्त्री खतिवडाले बताए। नेपालले सन् २०३० सम्ममा रेबिजबाट मृत्यु हुने मृत्युदर शुन्यमा झार्ने लक्ष्य पूरा गर्न स्थानीय तहदेखि नै जनचेतनाको कार्यक्रम, खोप लगाउने काममा व्यापकता र बहुक्षेत्रीय सहयोगको माग जस्ता रणनीति बनाएर अघि बढिरहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. कृष्ण पौडेलले जानकारी दिए ।

# कोरोना संक्रमणदर १८ प्रतिशत



**काठमाडौं/मस-** नेपालमा कोरोना संक्रमणको दर १८ प्रतिशत रहेको छ ।

बिहीबार देशभरमा २९९ जना कोरोना संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभर ११ हजार १५१ को परीक्षण गरिएको थियो । बिहीबार २६० जना संक्रमणबाट मुक्त भएका छन् । योसँगै निको हुनेको संख्या सात लाख ९९ हजार १७६ पुगेको छ । निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। नेपालमा सक्रिय संक्रमित सात हजार ६४२ रहेका छन् । नेपालमा संक्रमणदर १८ प्रतिशत रहेको छ ।

नेपालमा ५०० भन्दाबढी संक्रमित जिल्ला काठमाडौं र ललितपुर रहेको मन्त्रालयले जनाएको छ। दुई सयभन्दा बढी संक्रमित रहेका जिल्लामा मोरङ, सुनसरी, झापा, भक्तपुर, कास्की, नवलपरासी पूर्व, रुपन्देही, बाँके र कैलाली रहेका छन् ।

हाल होम आइसोलेसनमा सात हजार १६९, संस्थागत आइसोलेसनमा ४७३, सघन उपचार कक्षमा २२४ र भेन्टिलेटरमा ६० जनाले उपचार गराइरहेका छन्। आज ७१ हजार ८९२ जनाले कोरोनाविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ । हालसम्म पहिलो मात्रा ८९ लाख ९६ हजार २५३ जनाले र दोस्रो मात्रा ७७ लाख १३ हजार ४०९ जनाले लगाएका छन् ।

मन्त्रालयका अनुसार बिहीबार पाँच जिल्लामा संक्रमित संख्या शून्य रहेको छ। यी जिल्लामा ओखलढुंगा, मनाङ, हुम्ला, डोल्पा र जाजरकोट रहेका छन्। बिहीबार थप छ जनाले कोरोनाबाट ज्यान गुमाएका छन् । योसँगै हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ४८९ रहेको छ ।

# कात्तिक नाच सकियो

**दिपक घिमिरे/मध्यान्ह**
ललितपुर, २ कात्तिक

ललितपुरमा प्रदर्शन गरिने कात्तिक नाचको समापन गरिएको छ । हिरयण्यकश्यपु वध मञ्चनसँगै 'कात्तिक नाट्य महोत्सव' समापन गरिएको हो ।

पाटनको 'कात्तिक डबली' कात्तिक नाच प्रदर्शन गरिएको थियो । हिरण्यकश्यपुको वध मञ्चनसँगै कात्तिक नाच समापन गरिएको कात्तिक नाच संरक्षण समितिका कोषाध्यक्ष उत्तमरत्न शाक्यले बताए ।

बिहीबार डबलीमा हालिएको पाल आदि झिकेर सरसफाइ गरिएको छ । नाचको मुख्य आकर्षण नृसिंह नृत्य हेर्नेको भिड लागेको थियो ।

विसं १६९७ मा पाटनका राजा सिद्धिनरसिंह मल्लले देश र जनताको कल्याणार्थ सो नाच चलाएका थिए । कात्तिक महिनाभरि विभिन्न विधि र प्रकारका नृत्य प्रदर्शन गरिने भएकाले यस नाचलाई 'कात्तिक नाच' भनिएको हो । सत्ताइस दिनसम्म यस नाच प्रदर्शन गर्दा हरेक दिन विभिन्न विषयवस्तु तथा कथामा आधारित रही बेग्लाबेग्लै तरिकाले नृत्य मञ्चन गरिनु यस नाच आफैंले ठूलो विशेषता बोकेको छ ।



# राजनीतिक दलमा तल्लो तहबाटै सहभागिता बढाउन आवश्यक

**काठमाडौं/मस-**प्रमुख राजनीतिक दलका नेताहरुले केन्द्रीय तहमा महिला सहभागिता बढाउनका लागि तल्लो तहबाटै बढाउनुपर्ने बताएका छन् । सञ्चारिका समूहले बिहीबार आयोजना गरेको अन्तर्क्रियामा उनीहरुले विभिन्न तहका कमिटीमा महिलाको सहभागिता बढाउने गरी विधानमा व्यवस्था गरिएको बताए ।



नेकपा (एमाले) का सचिव प्रदीप ज्ञवलीले एमालेले नै पहिलो पटक राष्ट्रपति, मुख्यमन्त्रीलगायतका पदमा महिलालाई पुऱ्याएको बताए । महिलाको राजनीति वा अरु क्षेत्रमा सहभागिता बढाउनका लागि पहिले उनीहरु आर्थिकरूपमा सशक्त हुनुपर्नेमा उनले जोड दिए । उनले भने, 'अहिले केन्द्रीय सदस्य भएकालाई दुर्गम जिल्लाबाट काठमाडौं आउनसमेत एकपटकमा रु १५/२० हजारसम्म लाग्न सक्छ ।'

नेकपा (माओवादी केन्द्र) की केन्द्रीय सदस्य अमृता थापामगरले महिला राष्ट्रपति, सभामुख, मुख्यमन्त्री पदमा पुगेकाले अहिले कार्यकारी प्रमुख (प्रधानमन्त्री) हुन मात्रै बाँकी रहेको बताइन् । जनयुद्धका समयमा ठूलो सङ्ख्यामा महिला लडाकु युद्धमा होमिएको उनले बताइन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य बद्री पाण्डेले पार्टीको विसं २०७५ मा बनेको विधान अबको अधिवेशनमा अभ्यासमा आउने बताए । प्रजातन्त्रलाई सफल बनाउन पटकपटक प्रयास गर्नुपर्ने उनले बताए । अहिले सबै दलले अधिवेशन आह्वान गरे पनि जाडो बढेकाले अहिलेको समय उपयुक्त नभएको उनको भनाइ छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद राजेन्द्र लिङ्देनले आगामी अधिवेशनमा महासचिव र उपाध्यक्षमध्ये एक पदमा महिला निर्वाचित गराउने गरी व्यवस्था गरिएको बताए । सञ्चारिका समूहका अध्यक्ष नितु पण्डितले महिलालाई अघि बढ्नका लागि उपयुक्त वातावरण पनि दिइनुपर्ने बताइन् ।

# गुरुनानक जयन्ती मनाइँदै

**काठमाडौं/मस-**शिख धर्मका प्रवर्तक गुरुनानकको जन्मजयन्ती आज विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । गुरुनानकको जन्म विसं १५२६ कार्तिक शुक्ल पूर्णिमाका दिन पाकिस्तानको पञ्जाब प्रान्तमा भएको थियो ।


उनले शिख धर्म ग्रन्थ 'गुरु ग्रन्थ साहिब' को रचना गरेका थिए । जातिवादको अन्त्य गरी मानवतावादी दर्शनको शुरुआत उनले गराएका थिए ।

यसैगरी पशुपतिकै भष्मेश्वर, ज्ञानेश्वर र थापाथलीमा रहेको गुरुनानक मठमा पनि विविध कार्यक्रम आयोजना गरी नानक जन्मजयन्ती मनाइने जनाइएको छ ।

यस वर्ष कोरोना महामारीका कारण भौतिक दूरी कायम गर्दै स्वास्थ्य सुरक्षाका विधि अपनाएर नानक जयन्ती मनाइने जनाइएको छ ।

यस दिन पवित्रस्थल गुरुद्वारामा विशेष पूजा अर्चना गर्दै विभिन्न धार्मिक एवं सामाजिक कार्यक्रम गरी गुरुनानकको जन्मजयन्ती मनाउने गरिन्छ ।

शिखको पवित्र धार्मिक ग्रन्थ 'गुरु ग्रन्थ साहिब' को रचना गर्ने गुरुनानकले समाजमा व्याप्त अन्धविश्वास, घृणा र भेदभावको अन्त्य गरी आपसी प्रेम र भ्रातृत्वको भावनालाई अभिवृद्धि गर्ने उद्देश्यले बिनाभेदभाव निःशुल्क सामुदायिक भोजन गर्ने 'लंगर परम्परा'को थालनी गरेका थिए ।



निर्गुण उपासनाका पक्षपाती गुरुनानक 'ईश्वर एक छन्, उनी सर्वशक्तिमान् छन् यही नै सत्य हो' भन्नेमा विश्वास गर्थे ।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले गुरुनानकले समाजमा शान्ति, सद्भाव, सहिष्णुता र लोककल्याणका लागि सबै धर्मका बीचमा सद्भाव कायम राख्न गर्नुभएको मार्गदर्शनको परिपालना गर्नसकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई सुदृढ एवं सबल बनाउन सकिने बताएकी छन् ।

सिख धर्मावलम्बीको विशेष पर्व गुरुनानक जयन्तीका अवसरमा शुभकामना सन्देश दिँदै उनले समाजमा विद्यमान सबै प्रकारका विकृति, विसङ्गति एवं विभेदको अन्त्य गर्दै समतामूलक सभ्य र सुसंस्कृत समाज निर्माणका लागि अग्रसर हुन गुरुनानक जयन्तीबाट सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गरेकी छन् ।

साथै राष्ट्रपतिले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण सिख धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गरेकी छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सिख धर्मावलम्बीको विशेष पर्व गुरुनानक जयन्तीका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण सिख धर्मावलम्बीमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गरेका छन् । गुरु नानक जयन्तीका अवसरमा उनले शुभकामना सन्देश जारी गरी सिख धर्मावलम्बीले पवित्रस्थल 'गुरुद्वारा'मा पूजाअर्चाना, भजनकीर्तनका साथ विभिन्न धार्मिक र सामाजिक कार्य गरी मनाइने यस जयन्तीले नेपाली समुदायमा धार्मिक सहिष्णुता कायम गर्दै आपसी सद्भाव र भाइचारा बढाउनेतर्फ प्रोत्साहन मिल्ने उल्लेख गरेका छन् ।

उनले गुरु नानकले स्थापित गरेका सामाजिक न्यायका मार्गदर्शनको अवलम्बन गर्न सकिएमा समाजमा शान्ति स्थापना भई आपसी सद्भाव, भाइचारा, सहिष्णुताका साथै सामाजिक न्याय प्रगाढ हुने र राष्ट्रिय एकतालाई थप मजबुत बनाउन बल पुग्ने विश्वास व्यक्त गरेका छन् ।

प्रधानमन्त्री देउवाले समाजमा देखिने विविध प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने सरकारको प्रयासमा थप बल पुऱ्याउन गुरुनानक जयन्तीले सबैलाई प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गरेका छन् ।

# कर्णाली प्रदेशः सरकारमा जाने माओवादीको निर्णय

**कर्णाली/मस-**नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलको बैठकले सम्मानजनक सहभागितासहित सरकारमा जाने निर्णय गरेको छ ।

नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलका नेता महेन्द्रबहादुर शाहीको अध्यक्षतामा बिहीबार वीरेन्द्रनगर सुर्खेतमा बसेको दलको बैठकले मुख्यमन्त्री जीवनबहादुर शाही नेतृत्वको सरकारमा माओवादीको सम्मानजनक सहभागिताको सुनिश्चिता सत्ता साझेदार दलभित्र खोज्ने निर्णय गरेको हो ।

दलका प्रमुख सचेतक ठम्मरबहादुर विष्टले भने, 'बैठकमा माओवादीको सम्मानजनक सुनिश्चिततासहितको सहभागिता खोज्ने जिम्मा दलको नेता शाहीलाई दिने निर्णय गरिएको छ । यस विषयमा उहाँ (दलको नेता)ले सत्ता गठबन्धन दलभित्र छलफल गर्नुहुन्छ ।' माओवादी केन्द्रले मुख्यमन्त्री शाही नियुक्त भएदेखि चार मन्त्रीको सुनिश्चितता खोज्दै आएको र त्यसैमा टेकेर निर्णय गरिएको उनको भनाइ थियो ।

मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएकाले सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्री शाहीले तदारुकता देखाउनुपर्दछ । माओवादीका सकेसम्म नयाँ अनुहारका प्रदेशसभा सदस्य सरकारमा जाने जनाउँदै प्रमुख सचेतक विष्टले बैठकमा जनजीविकाका सवाललाई केन्द्र राखेर छलफल भएको बताए ।

सरकार गठनका लागि सत्ता गठबन्धन दलको नेतृत्वको गरिरहेको नेपाली कांग्रेसले मुख्यमन्त्रीबाहेक दुई, माओवादी केन्द्रले चार र नेकपा (एकीकृत समाजवादी) ले तीन मन्त्री हुनुपर्ने दाबी गरिरहेका छन्। प्रदेशसभा सदस्यका हिसाबले माओवादी केन्द्रका १२, नेपाली कांग्रेसका ६ र समाजवादीका तीन जना छन् ।

## सम्पादकीय

# अग्रगामी बन्ने अवसर

प्रमुख राजनीतिक शक्तिहरू यतिबेला नेतृत्व चयन प्रक्रियामा छ । प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमालेले मंसिर पहिलो साता, सत्तारूढ दल नेपाली काँग्रेसले मंसिर अन्तिम साता र सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले पुस पहिलो साता नेतृत्व चयन गर्दैछ । एमालेको महाधिवेशन नजिक आइसकेको छ । १०–१२ मंसिरमा चितवनमा हुने महाधिवेशनको तयारी तीव्र बनेको एमालेले जनाएको छ । महाधिवेशन प्रतिनिधि चयन गरिसकेको एमालेको १०औं महाधिवेशनबाट चयन हुने नेतृत्वबारे अनेक अड्कलबाजी भइरहेको छ । विशेषगरी पदाधिकारी कस्तो बन्छ भन्नेमा आम चासो देखिन्छ । तर संभावित र दावेदार हेर्दा फेरि पनि एमालेको शीर्ष नेतृत्वमा पुरानै अनुहार दोहोरिने बढी संभावना छ ।

संसद्को सवैभन्दा ठूलो दल एमालेले आफूलाई लोकतान्त्रिक शक्ति भएको दावी गर्छ । तर यो दललाई पूर्ण लोकतान्त्रिक शक्तिका रूपमा भने आम शंका छ । विशेषगरी एमालेले समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न सकेको छैन । पदाधिकारी र स्थायी कमिटी एमालेको शक्तिशाली संरचना हो । तर दुवैमा एमाले समावेशी छैन । उपाध्यक्ष अष्टलक्ष्मी शाक्य बाहेक २९ सदस्यीय स्थायी कमिटीमा सवै पुरूष छन् । अझ एउटै जाति र समुदायको बाहुल्यता एमालेमा छ । सरकारको नेतृत्व गरिरहेको काँग्रेस पदाधिकारीमा पनि महिला सहभागिता कमजोर छ । पदाधिकारीमा एक जना मात्रै महिला छन् । माओवादी केन्द्रमा स्थायी कमिटी कार्यकारी संरचना हो । यो संरचनामा पनि एक जना मात्रै महिला छन् ।

अर्थात् समावेशी समानुपातिक सहभागिताको प्रशंगमा महिला सहभागिता अत्यन्तै जानुक अवस्था दलहरूमा देखिन्छ । जबकी मुलुकको जनसंख्या भने पुरूष भन्दा महिलाको धेरै छ । असमावेशी नेतृत्वकै कारण संविधानले ३३ प्रतिशत सहभागिता सुनिश्चित हुनुपर्ने व्यवस्था गरेको छ । पदाधिकारीमा आधा/आधाको व्यवस्था छ । राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, पालिका प्रमुख र उपप्रमुखमा आधा/आधा सहभागिताको व्यवस्था छ । तर संवैधानिक बाध्यता समेत दलहरूले पालना गरेको देखिदैन । केन्द्रीय कमिटीमा समेत ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न नसकेको दलहरूले कार्यकारी निकायमा भने सहभागिता गराउन चाहिरहेका छैनन् । अतः संविधान पालना गर्दै सामाजिक रूपान्तरणका शक्ति बन्नलाई दलहरू सामुन्ने अवसर छ । त्यो अवसर सवै दलहरूले उपयोग गर्न राम्रो हो । अझ सहभागिताको सवालमा प्रतिश्पर्धा नै भए उत्तम, नत्र थोरै सुधार गर्नबाट भने भाग्नु दूर्भाग्य हो ।

# अव्यवस्थित सार्वजनिक यातायात

यातायात क्षेत्र बहुआयामिक रुपमा अन्तरसम्बन्धित हुन्छ । मुलुकलाई समृद्धितर्फ अगाडी लैजाने हो भने यसको विकास गर्नु अपरिहार्य छ । यातायातका साधनलाई निर्बाध रुपमा सुचारु राख्न सर्वप्रथम त सडकको स्थिति बुझेर मर्मत तथा सम्भार गर्नु जरुरी हुन्छ ।



● झलक शर्मा

आर्थिक तथा सामाजिक विकासको मेरुदण्डको रुपमा यातायातलाई लिन सकिन्छ । यसले मानिसको दैनिक जीवनयापनलाई सरल बनाएको हुन्छ । जहाँ सडक पुग्छ, त्यहाँ विकास अवश्य हुन्छ । भूपरिवेष्ठित राष्ट्र भएको कारणले नेपालका कैयौं गाउँ बस्तीहरुमा सडक पुऱ्याउन सकिएको छैन । बल्ल बल्ल पुगेको सडकको स्थिति पनि नाजुक नै छ । यात्रा गर्नु भनेको जोखिम मोल्नु जस्तो बनेको छ । भिरालो जमिन, साँघुरो एवं जीर्ण सडक, पहिरोको जोखिम, चालकको लापरबाही जस्ता कुराले यात्रुलाई त्रसित बनाउने गर्दछ । वर्षेनी सडक दुर्घटना हुन्छ, कैयौँले ज्यान गुमाएका हुन्छन्, त्यो समाचार मात्रा बन्छ तर, यस्ता दुर्घटना नियन्त्रण गर्ने उपाय भने अवलम्बन गरिदैन । झन् चाडबाडको समयमा सार्वजनिक यातायातमा यात्रुको चाप उस्तै हुन्छ । सहजरुपमा गन्तव्य पुग्ने सबैको रहर हुन्छ तर, यात्रामा यात्रुले भने विभिन्न कठिनाईहरु भोग्नु पर्ने बाध्यता छ । कामको शिलशिलामा शहर झरेकाहरु गाउँ फर्किने हुँदा यात्रुको संख्या अन्य समयको तुलनामा बढी हुने गर्दछ । समयमा गाडी नपाउनु, लामो दुरीका लागी टिकटमा विचौलियाको प्रभाव पर्नु, सरकारले तोकेको भाडादरभन्दा बढी भाडा असुल्न खोज्नु, त्यसमाथिको नियन्त्रण र कारबाही फितलो हुनु, भाडामा एकरुपता कायम नहुनु, मापदण्ड विपरित बढी यात्रु चढाउनु जस्ता समस्या सार्वजनिक यातायातमा रहेका छन् । झन् सवारी साधनमा हुने सिण्डिकेट प्रणाली पनि यात्रुलाई मर्कामा पारेको देखिन्छ । टिकट प्रणालीलाई अनलाईन गर्ने प्रयास गरिएता पनि त्यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । चालक सहचालकको यात्रुमाथिको व्यवहार नराम्रो हुनु तथा विभिन्न कारणले यात्रु ठगिने गरेको पाइन्छ । यात्रुले पनि यात्रामा बढी भाडा असुलेको तथा खराब व्यवहारप्रति राजमार्गमा रहेको प्रहरी विटहरुमा गुनासो एवं उजुरी गर्न डराउने तथा बोलेर टाउको दुखाउनुभन्दा सहेर नै यात्रा गरु भन्ने सोंचाइ राख्नाले नै यात्रु आफैंमा ठगिदै गएको पाइन्छ । बाढी पहिरो, सडक दुर्घटना, सडक मर्मत एवं सम्मार, ट्राफिक नियमको पालना नगर्ने जस्ता कारणले गर्दा राजमार्गमा लामो समय जाममा फस्नुपर्ने बाध्यता छ ।

आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार हालसम्म ७६ जिल्ला सदरमुकामलाई सडक सञ्जालले जोडेका छन् । तिनै तहको समन्वय एवं सहकार्यमा स्थानीय तहका केन्द्रसम्म सडक सञ्जाल विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राख्न खोजिएको छ । सार्वजनिक यातायातलाई सुरक्षित, भरपर्दो र नियमित बनाउन नीतिगत, प्रशासनिक एवं प्राविधिक पक्षमा निरन्तर सुधारको प्रयास हुँदै आएको छ । २०७७ फागुनसम्म मुलुकभर रणनीतिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे १५ हजार ९ सय ७४ किलोमिटर, ग्राभेल ८,५८२ किलोमिटर र कच्ची सडक ८,९७२ किलोमिटर गरी कुल सडकको लम्बाई ३३ हजार ५ सय २८ किलोमिटर पुगेको छ । राष्ट्रिय गौरवका सडक आयोजनाहरु क्रमशः कालोपत्रे हुने क्रममा रहेका छन् । आर्थिक वर्षको फागुनसम्म १ लाख ५० हजार ७ सय ६५ नयाँ सवारी साधन दर्ता भएका छन्, जसमा सार्वजनिक यातायातको महत्वपूर्ण साधन बस १.४ प्रतिशत छन् भने दुई पाङ्ग्रे मोटरसाईकलको अंश ७९.३ प्रतिशत रहेको छ । त्यस्तै सवारी साधनको आवधिकरुपमा टिनेश परीक्षण गराई दुर्घटना न्यूनिकरण गर्ने उद्देश्यले सबै प्रदेश राजधानीमा सवारी परीक्षण कार्यालय स्थापना गर्ने लक्ष्य अनुरुप बागमति र लुम्बिनी प्रदेशमा सो कार्यालय सञ्चालनमा ल्याइएको छ ।

चालु बजेट वक्तव्यमा आवगमनलाई सहजता, बजारहरु बीचको अन्तर आबद्धता र उत्पादन अन्तरसम्बन्धलाई मजबुत बनाउन गुणस्तरीय यातायात पूर्वाधारको विकास गरिने छ भन्ने कुरा उल्लेख छ । प्रमुख शहरहरु बीचको यात्रा अवधि अधिकतम दुई घण्टा हुने गरी समय र लागत घटाउन गतियुक्त सडक, सुरुङ्ग मार्ग, उचाईयुक्त पुल एवम् फ्लाई ओभर निर्माण गरिने कुरा बजेटको प्राथमिकतामा राखिएको छ । त्यस्तै संघीय सरकारको क्षेत्राधिकार भित्रका सडक तथा पुलको

> यातायात र सडकको अवस्थाको चिन्ता यातायात व्यवसायी र यात्रुको मात्र नभई आमजनसमुदायको साझा सरोकारको विषय हो । सडक र यातायातको पहुँचबाट विमूख भएका आमनागरिकहरुमा तोकिएको समयमा नै विकास र निर्माणको सुनिश्चतता दिलाउनुपर्दछ । यसको लागी सरकार, निजी तथा सहकारी क्षेत्रको भूमिका अतुलनिय रहन्छ ।

मापदण्ड निर्धारण ड्इङ्ग, डिजाइन निर्माण, मर्मत सम्भार, सम्भावित लगानीको बैकल्पिक उपकरणहरुको प्रयोग, वित्तीय स्रोत परिचालन एवं अभिलेखीकरणसमेतका लागी राष्ट्रिय राजमार्ग प्राधिकरण स्थापना गर्न विज्ञसहितको अध्ययन कार्यदल गठन गरिने भनि बजेटमार्फत घोषणा गरिएको छ । त्यसैगरी पन्ध्रौ योजनामा सडक पूर्वाधारको उचित संरक्षण, मर्मत-सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्ने उद्देश्य राखिएको छ । मुलुकको आवधिक योजना, बजेट तथा सरकारका नीति तथा कार्यक्रमलाई अक्षरस कार्यान्वयन गर्ने हो भने नेपालमा यातायातको क्षेत्रको विकास हुनेमा विश्वास गर्न सकिन्छ ।

यातायात क्षेत्र बहुआयामिक रुपमा अन्तरसम्बन्धित हुन्छ । मुलुकलाई समृद्धितर्फ अगाडी लैजाने हो भने यसको विकास गर्नु अपरिहार्य छ । यातायातका साधनलाई निर्बाध रुपमा सुचारु राख्न सर्वप्रथम त सडकको स्थिति बुझेर मर्मत तथा सम्भार गर्नु जरुरी हुन्छ । सडकले भार बहन गर्ने क्षमता, सवारी चाप आदि विषयको मुल्यांकन गरी सडक सुरक्षालाई प्राथमिकतामा राख्न आवश्यक मानिन्छ । सडक आयोजनाहरु सडक मापदण्ड अबलम्बन गर्दै कार्यान्वयनमा लैजाने र वातावरणमैत्री सडक निर्माण गर्दा बाढी पहिरो जस्ता जोखिमबाट हुने अवरोधलाई कम गर्न सकिन्छ । सडक आयोजनामा हुने भ्रष्टाचारको गुञ्जायसलाई नियन्त्रण गरी गुणस्तरयुक्त सडक निर्माण गर्नु अपरिहार्यता छ । सडक निर्माणमा दक्ष जनशक्तिको अभाव छ । तसर्थ देशकै जनशक्तिलाई दक्ष बनाई सडक आयोजनामा परिचालन गर्ने हो भने सडकमा गुणस्तरता पाउन सकिन्छ । बजेटको विनियोजन र सञ्चालनमा कुशलताको अभावले गर्दा तोकेको समयावधिमा सडकहरु निर्माण हुन सकेको छैनन् । त्यसैले विनियोजित बजेटलाई सहि सदुपयोग गर्दै ठेक्का तथा निर्माण सम्झौतामा पारदर्शीता कायम राख्नु आवश्यक छ । लामो दुरीमा चल्ने सवारी साधनको पाटपूर्जा तथा अवस्थाको चेकजाँच गरेर मात्र सडकमा गुड्न अनुमति दिदा विच बाटोमा गाडी विग्रने र रोकिनुपर्ने स्थितिको अन्त्य हुन्छ । सार्वजनिक सवारी साधन दर्तालाई प्रोत्साहन गर्दै सिण्डिकेट प्रणालीको अन्त्य गर्नुपर्दछ । टिकट प्रणालीलाई अनलाइन बनाई यात्रुहरुमा प्राविधिक साक्षरता र त्यसको पहुँच अभिवृद्धि गर्नु जरुरी छ । टिकटमा हुने विचौलियाको प्रभावलाई अन्त्य गरी सबै यात्रुले सहजरुपमा टिकट उपलब्ध गराउन सक्नुपर्दछ । चालकबाट हुने अनियन्त्रित गति तथा लापरबाहीलाई नियन्त्रण गर्न उपयुक्त किसिमको कारबाही तथा सचेतनात्मक कृयाकलाप सञ्चालन गर्ने गर्नुपर्दछ । चालक तथा सहचालकले यात्रुलाई गर्ने व्यवहार सुधार गर्न प्रभावकारी तालिमको व्यवस्था गर्न सक्नुपर्दछ । भाडादरमा एकरुपता कायम गर्दै बढी भाडा असुल गर्नेलाई कडा कारबाहीको व्यवस्था गर्नुपर्दछ । यात्रु ठगिनबाट जोगाउन विभिन्न सूचना तथा जानकारी प्रवाह गर्ने व्यवस्था गर्नुपर्दछ । क्षमताभन्दा बढी यात्रु चढाउन प्रवृति रोक्नुपर्दछ । यस्ता विभिन्न समस्यालाई सम्बोधन गर्न सकिएको खण्डमा सबै नागरिकहरुमा सहज र सर्वसुलभ रुपमा यातायातको पहुँच पुऱ्याउन सकिन्छ ।

यातायात र सडकको अवस्थाको चिन्ता यातायात व्यवसायी र यात्रुको मात्र नभई आमजनसमुदायको साझा सरोकारको विषय हो । सडक र यातायातको पहुँचबाट विमूख भएका आमनागरिकहरुमा तोकिएको समयमा नै विकास र निर्माणको सुनिश्चतता दिलाउनुपर्दछ । यसको लागी सरकार, नीजी तथा सहकारी क्षेत्रको भूमिका अतुलनिय रहन्छ । तिनै तहका सरकारको समन्वयबाटै नेपालमा यातायात क्षेत्रको विकास र व्यवस्थापन गर्न सकिन्छ । तसर्थ आर्थिक, सामाजिक समृद्धिको आधारको रुपमा बुझिएको यातायात क्षेत्रको विकास गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्नु आवश्यक छ ।

इमेल : *sharmajhalakpkr@gmail.com*

## सामाजिक सञ्जाल



\- रञ्जित तामाङ

केही दिन यता सर्वोच्च अदालतमा कालाकोटधारीहरू भनिरहेका छन्, 'अदालतमा भ्रष्ट्रचार बढेको छ, यसको मुल कारक प्रधानन्यायाधीश हो, यसर्थ उनले राजीनामा दिनुपर्छ ।' अब राजनीतिक नेतृत्वले बोल्ने हिम्मत गर्नुपर्छ, 'को सही र को गलत ?' किनकि दुबै पक्ष सही र गलत हुनै सक्दैन ।



\- निर्मल प्रसाईं

कालाकोटधारीले प्रहरी दमनको विषय अन्तर्राष्ट्रियकरण गर्ने उद्घोष गरेछन् । जयसिंह धामी मारिँदा यिनीहरू कहाँ थिए ? सुस्तामा एसएसबीको अतिक्रमण हुँदा यिनीहरू कुन दुलोमा थिए ? कालापानी, लिपुलेकको विषयमा किन मुखमा टेप लाउछन् ? अन्तर्राष्ट्रियकरण भडुवाहरू !




\- पुरुषोत्तम दुंगेल

समाजवाद फेशन होइन । समान अवसर, व्यवहार, बाँडफाँड र समान अनुभुति पनि हो । यसमा सबैको बराबर आत्मसम्मान पनि हुन्छ । तर नेपालका नेता भनाउदाहरूको समाजवाद र जनताले अनुभूत गरेको समाजवादमा आकाश जमिनको फरक छ । नेता भनाउदाको समाजवाद मात्र चुनावको बेलामा बोल्ने वा जनता ठग्ने मूलमन्त्र भएको छ ।



\- विष्णु सापकोटा

एमाले दशौं महाधिवेशनको लोगो इतिहासकै शक्तिशाली बिम्ब हो । नयाँ एमाले के हो भनेर चिन्न अझै भ्रम थियो भने त्यो तोड्ने बिम्ब । ओली को हुन् थप चिनाउने बिम्ब । अबको एमाले उनको सनकबाहेक अरू केही होइन भन्ने स्थापित गर्ने बिम्ब । मार्क्सवादको सिर्जनशील विकास कुन हदसम्म हुनसक्छ भन्ने कुराको पनि !




\- प्रज्वल धामी

बैंकहरू नाफा आर्जनका लागि शेयर बजारमा लगानी गर्न थाले, जुन अनुत्पादक क्षेत्र हो । उत्पादनमुलक क्षेत्रमा कर्जा दिनुपऱ्यो भने भए भरका प्रक्रिया खोज्छन् । अब यी बैंकहरू माथि सरकारले हस्तक्षेप गर्न जरूरी छ । यिनिहरू भनेका ह्वाइट कलर गुन्डा हुन ।

## टिप्पणी

# न्यायपालिकालाई जोगाउन आह्वान



● दलबहादुर बजिमय

> सम्माननीय प्रधानन्यायाधीशज्यू, हजुरको काँधमा न्यायपालिकाको इज्जत, मान, प्रतिष्ठासहित सम्पूर्ण जिम्मेवारी छ, राजीनामाको संवैधानिक प्रक्रियाको आलाप गरेर मात्र कतिन्जेल बस्नुहुन्छ ? न्यायपालिकामा आगो दन्किरहँदा निभाउने कर्तव्य मुख्य रुपमा तपाईंको हो, हैन ? निभाउनु पर्छ, पर्दैन ?

विवाद निरुपणको अन्तिम अधिकार पाएको संवैधानिक अंग न्यायपालिका नै विवादमा फसेको छ । राज्यका तीन अंग मध्ये मुख्य अंगको रुपमा रहेको न्यायपालिकामा संविधानले मौलिक हकको रुपमा प्रत्याभुत गरेको जनताले न्याय प्राप्त गर्ने हकको हनन् भईरहेको छ । अर्थात् जनताले न्याय पाउने अवस्था नरही अदालतप्रतिको विश्वास र आस्था धुमिल भईरहेको छ । न्यायपालिकाप्रति जनआस्था बृद्धि गरी संस्थाको ओझ बढाउछु भनि सफत खाएका प्रधानन्यायाधीश र अन्य न्यायाधीसहरु एक-आपसमा पानी बाराबारको अवस्थामा छन् ।

प्रधानन्यायाधीश भनिरहनु भएको छ - म संवैधानिक प्रकृयाबाट नियुक्ति भइ आएको हुँ । छोडेर जाने पनि संवैधानिक प्रकृया हुन्छ । आन्दोलन र धर्नाको मागको भरमा मेरो राजीनामा आउदैन । अन्य न्यायाधीशहरु भनिरहेका छन् - प्रधानन्यायाधीशले आफ्नो आचरण र कार्यशैलीले न्यायपालिकाप्रतिको जनविश्वास नै धरापमा पारेकाले विकृति विसंगतिमा पूर्णविराम लगाउन राजीनामाको विकल्प छैन । यसै सन्दर्भमा तपाईंहरुलाई हामी कर्मचारीहरुको तर्फबाट निम्न प्रश्नहरुको उत्तर दिन अनुरोध गर्दछौं । आवश्यक परे बीचमा बसेर मध्यस्थता गर्न तयार रहेको कुरा अनुरोध गर्दै अभिभावकको रुपमा रहनु भएको तपाईंहरुलाई मिलाउने हाम्रो कर्तव्य पनि हो जसबाट संस्थाको जनविश्वासमा अभिबृद्धि गर्दछ ।

क) तपाईं हामी कर्मचारीहरुको अभिभावक हुनुहुन्छ । एकपटक आत्मासाक्षी राखी सोंच्नुस त, प्रस्तुत विवादले न्यायपालिकाको ओझ बढाएको छ त ? जनविश्वास अभिबृद्धि भएको छ त ? जनताले न्याय पाएका छन् त ? तपाईंहरुको इज्जत, मान, प्रतिष्ठामा बृद्धि भएको छ त ?

ख) सम्माननीय प्रधानन्यायाधीशज्यू, हजुरको काँधमा न्यायपालिकाको इज्जत, मान, प्रतिष्ठासहित सम्पूर्ण जिम्मेवारी छ, राजीनामाको संवैधानिक प्रक्रियाको आलाप गरेर मात्र कतिन्जेल बस्नुहुन्छ ? न्यायपालिकामा आगो दन्किरहँदा निभाउने कर्तव्य मुख्य रुपमा तपाईंको हो, हैन ? निभाउनु पर्छ, पर्दैन ? तपाईंले राष्ट्रपति र संसदसमक्ष खानु भएको सफत बिर्सनु भएकै हो त ? आफ्नै सहकर्मी साथीहरुलाई विश्वासमा लिएर हाल बलिरहेको आगो निभाउने मुख्य कर्तव्य तपाईंको हो, हैन ? तपाईंहरुको व्यक्तिगत टसलले न्यायपालिकाको छवि ध्वस्त बनाउन उपयुक्त हुन्छ, हुँदैन ? न्यायपालिकालाई सफल बनाई सफल र उदाहरणीय प्रधानन्यायाधीशको रुपमा दर्ज हुने प्रयास गर्नुपर्छ, पर्दैन ?

ग) सहकर्मी श्रीमान्हरुले पनि ट्रेड युनियनकर्मीहरुले झैं आन्दोलन गर्न मिल्छ, मिल्दैन ? न्यायपालिको हालको अवस्था सिर्जना हुन तपाईंहरु पनि जिम्मेवार हुनुहुन्छ, हुनु हुँदैन ? समस्याको समाधान गरी न्यायपालिकाप्रतिको जनविश्वास खस्कन नदिने कर्तव्य हजुरहरुको पनि हो, हैन ? त्यसैले विकल्प खोज्नुहोस् । समाधान निकाल्नुहोस् । रमिता नदेखाउनुहोस् । हरेक समस्याको समाधान अवश्य नै हुन्छ । न्यायपालिकालाई सफल बनाई तपाईंहरु आफै पनि सफल हुनुहोस् ।

घ) न्यायपालिका (अदालत) श्रीमान् र कानून व्यावसायीहरुको मात्र हैन, हामी कर्मचारी र जनताको पनि हो । हामी कर्मचारीहरुले पनि संस्थाको गरिमा उच्चो राख्दै कसैको पक्ष विपक्षमा नलागि संस्थालाई केन्द्रबिन्दुमा राखी हाल संस्थामा देखिएको समस्या सामधान गर्न पहल गरी अदालत मेरो कार्यस्थल हो भनी जनमानसमा प्रस्तुत हुँदा छाति फुकाई बोल्ने वातावरण बनाउन लाग्नु पर्ने हैन र ? प्रस्तुत समस्याहरुमा हाम्रो भुमिका हुँदैन र ?

हामी सबैको भूमिका स्मरण गरी भगवानलाई साक्षी राखी आत्मकेन्द्रित नभइ, संस्था केन्द्रित भई समस्याको समाधानमा नलागे/नगरे सबैले पछुताउनु पर्ने दिन टाढा छैन । त्यसैले निम्न कार्य गरी समाधान तर्फ लाग्न आह्वान गर्दछौं ।

१) सम्माननीय प्रधानन्यायाधीशज्यू संविधान, नियम, कानूनको बाटो मात्र हिंड्ने आलप नरट्नुहोस । घरमा दन्केको आगो निभाउने प्रयास गर्नुहोस् । घर डडेर खरानी भए कोही पनि बस्ने अवस्था रहँदैन । विकल्पसहित सहकर्मी र कर्मचारीहरु साथै स्टेक होल्डरहरुसँग छलफल बसी विश्वासमा लिनुहोस् ।

२) न्यायाधीसको मुख्य कर्तव्य जनतालाई न्याय प्रदान गर्ने हो । मुख्य कर्तव्यबाट विमुख रहेर तपाईं आफै बस्ने घर धरासाही हुनबाट बच्दैन । पहिले संस्थाको गरिमा बचाउन के गर्नुपर्ने हो, त्यतातिर लाग्ने प्रयास गर्नुहोस् । यो यो गर्नु पऱ्यो भनी प्रस्तावसहित छलफलमा बस्नुहोस् ।

३) हामी कर्मचारीहरु पनि जिम्मेवार होऔं । हामीले संस्था बचाउन मध्यस्थताको भूमिका निर्वाहा गरौं । कसैको पक्षमा वाद विवाद नगरौं । मध्यस्थताको लागि आधिकारिक ट्रेड युनियन विभागीय कार्य समिति सर्वोच्च अदालतका अध्यक्ष, उपाध्यक्ष र सचिव साथै राष्ट्रियस्तरका ट्रेड युनियनका अध्यक्ष र सचिवसहितको कमिटी बनाई तत्कालै सम्माननीयज्यू अन्य श्रीमानहरु र वारसँग छलफल गर्ने वातावरण बनाउन आग्रह गर्न जाऔं । वातावरण नबने प्रधानन्यायाधीशसहित अन्य न्यायाधीशहरुलाई एउटै कोठामा थुनेर वार्ता गर्न बाध्य पार्न पछि नपरौं । जसले न्यायपालिकाप्रतिको जनविश्वासमा अझै क्षति पुग्न नपाहोस् ।

४) नेपाल बारले पनि मेरो गोरुको बाह्रै टक्का भने झैं नगरी, बारले चाह्यो भने प्रधानन्यायाधीशलाई पनि हटाउन सक्छौं भन्ने विषय स्थापित गर्न तिर नलाग्नुहोस् । बार प्रतिनिधिहरु पनि जिम्मेवार बन्नुहोस् । तपाईंहरुको गरी खाने भाडो अदालत नै हो । अदालतप्रति जनआस्था नरहे बारको पनि अस्तित्व रहँदैन । हामीले सुनेका छौं, तपाइँहरु न्यायदेखि न्यायाधीश नियुक्तिसम्ममा भाग खोज्ने गर्नुहुन्छ भन्ने आरोप छ, यो आरोपलाई गलत साबित गर्ने तर्फ उन्मुख हुन अनुरोध गर्दछौं । नैतिक आचरण राम्रो भएको, समाजमा इज्जत, मान, प्रतिष्ठा उच्चो भएको कानून व्यवसायीलाई मात्र न्यायाधीशमा सिफारिस गर्नुहोस्, नकी आफ्नो अण्डरका रहेका नवकानून व्यवसायीहरु ।

तपाइँहरुले यो पनि विचार गरिदिनुहोस् की नवकानून व्यवसायीहरुलाई न्यायाधीश नियुक्तिमा सिफारिस गर्दा क्याडरमा रहेका पुराना कर्मचारी साथिहरुलाई आफुलाई मर्का परेको आभास नभइ कानून व्यवसायीहरुबाट न्यायाधीस नियुक्त भएका श्रीमानहरुप्रति क्याडर कर्मचारीहरुले गर्भ गर्न सकुन ।

***(बजिमय निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन विभागीय कार्य समिति सर्वोच्च अदालतका उपाध्यक्ष हुन् ।)***

## पाठक-पत्र

### न्यायपालिकाको गरिमा जोगाउन ध्यान जाओस्

झण्डै महिना दिनदेखि नै न्यायपालिका अस्थव्यस्त छ । न्यायपालिकाभित्र चलेको आन्दोलन साम्य हुन तिर होइन् आक्रामक बन्दै गईरहेको देखिन्छ । झण्डै महिना दिन पुग्ने लागेको आन्दोलन थप आक्रामक बन्दै गएको उदाहरण बिहीबार अदालत परिसरमा देखिएको घम्साघम्सीको घटनाले हो ।

एउटा त न्यायालयमा देखिएको आन्दोलन नै अनौठो छ भने अर्को न्यायालयभित्र हतियारधारी प्रहरीको हस्तक्षेप । न्यायालयमा देखिएको आन्दोलनलाई शान्तिपूर्ण नै बन्न दिनुपर्छ । र, शान्तिपूर्ण रुपमै विवादको निकास खोजिनुपर्छ । तर, केही दिनदेखि प्रहरी लगाएर धर्ना रोक्न खोज्ने र बिचौलियालाई धर्नामा प्रवेश गराएर मुढभेड गराउन खोज्ने गतिविधिहरु भएका छन् । जुन र जस पक्षबाट यस्ता गतिविधि भएका भए पनि यी निकै नै आलोचित खालका छन् ।

केही दिनदेखि अदालत परिसरमा अनौठा खालका अनुहारहरु पनि देखिएका छन् । प्रधानन्यायाधीशको समर्थनमा देखिएका त्यस्ता पात्र को हुन् र किन आएका छन् भन्ने बारे सबैको मौनता गलत छ । यदि प्रधानन्यायाधीशले आफ्नो पद जोगाउन, त्यस्ता अनुहार प्रयोग गरेका हुन् भने त्यो निकै नै गलत छ । उनी आफैंले पनि त्यो बुझ्न आवश्यक छ । आफ्नो पदको गरिमा जोगाउन पनि त्यस्ता घृणित काम गर्नु हुँदैन् ।

यो भद्रगोल अवस्थाको निकास तत्कालै खोजिनुपर्दछ । यो अवस्थाको निकास सर्वपक्षीय रुपबाटै खोजिनुपर्ने देखिएको छ । यो अवस्थाप्रति सरकारले मौनता जनाउनु हुँदैन् ।

● **उत्तम कार्की**, दोलखा

### विचार बिनाको एमालेबाट के सिक्ने ?

कुनै बेला एमाले पार्टीप्रति व्यंग्य गर्दै डा. बाबुराम भट्टराईले भन्ने गर्दथे, लिंग नछुटिएको पार्टी । एमालेको द्वैध चरित्र र विचार बिहिनताको अनिर्णित अवस्थालाई देखेर भट्टराईले त्यस्तो टिप्पणी गरेका थिए । तत्कालिन समयमा गरेको त्यो टिप्पणी आज जायज देखिन्छ । आज एमाले महाधिवेशन केन्द्रीत छ, तर एमालेको महाधिवेशन विचार होइन् नेतृत्व केन्द्रीत छ । त्यहाँ कुन गुटका मान्छेलाई कहाँ व्यवस्थित गर्ने भन्ने मात्रै विषय छ ।

पार्टी अध्यक्षमा फेरी ओलीलाई राखिरहन पनि छिटो छिटो महाधिवेशन गर्नुपर्ने अवस्थामा एमाले छ । यदि २/४ महिना महाधिवेशन पर सरेमा ओली अध्यक्ष बन्न पाउने अवस्था छैन् । विधानको बाध्यात्मक अवस्थालाई चलाखाईंपूर्वक ओलीले आफुँ अनुकुल बनाउँदै महाधिवेशन गर्न लागेका हुन् ।

ओलीको लागी गरिँदै गरेको यो महाधिवेशनबाट नयाँ कुरा केही नआउने निश्चित छ । बरु, महाधिवेशनबाट जनतालाई भ्रमित पार्ने केही अनुहारहरु भने देखिन सक्नेछन् । तर, यो महाधिवेशनबाट नयाँ विचार आउने छैन । ठूलो पार्टी एमालेबाट वर्तमान मुलुकको निकासका लागि नयाँ विचार नआउनु सबैका लागि दुर्भाग्य नै हो ।

● **दिवस ढकाल**, नुवाकोट

# राहदानी विभागमा भिड



**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ मंसिर

राहदानी विभाग कान्तिपथमा केहि दिन यता एमआरपी पासपोर्ट लिनेको भिड लाग्ने गरेको छ । विभागको त्रिपुरेश्वर शाखाको नयाँ भवनबाट विद्युतीय राहदानी जारी गर्ने पहिलो दिन बुधबार एमआरपी पासपोर्ट लिनेको भिड लागेको थियो । भिडको एकातिरको लाइन लैनचौरसम्म पुगेको थियो भने अर्कोतिर नारायणहिटी जाने बाटोसम्म पुगेको थियो ।

सोलुखुम्बुकी डिकी शेर्पा तीनदिनदेखि एमआरपी पासपोर्ट लिनकै लागि आफू काठमाडौं आएको बताइन् । कागजात नमिलेको कारण पासपोर्टको फर्म भर्न आएको दिन लाइन देखेर उनी तर्सिइन् । अर्का सेवाग्राही अनुप साह पढाइको सिलसिलामा विदेश जानको लागि पासपोर्टको फर्म भर्न आएका थिए । बिहान ८ बजेदेखि लाइनमा बसेका उनी भिडको लाइनमा बसेर चाउचाउ खाइरहेको भेटिए । बिहानैदेखिको लाइनमा बस्दा थकित अनुहार लिएर भन्दै थिए, 'विभागको नीति फेरिएर अनलाइनबाटै टोकन प्रणाली दर्ता गर्ने सिस्टम बनाइदिएमा सेवाग्राहीले सास्ती पाउने थिएनन् ।'

पासपोर्ट विभागका निर्देशक सागरप्रसाद फुँयालले बुधबारबाट सेवाग्राहीहरुलाई इ-पासपोर्ट लागू भएपनि फुलफेजमा नपुगेसम्म एमआरपी पासपोर्ट बन्द नहुने बताए । अहिले जतिपनि एमआरपी पासपोर्टको फर्म भरिरहेका सेवाग्राहीहरु छन् । ती सेवाग्राहीहरुलाई निरन्तर पासपोर्ट वितरण गर्नको लागि टोकन प्रणाली लागू गरी दिनको पाँचसय टोकन वितरण गरिरहेको उनको भनाइ छ । निर्देशक फुँयालले भिडभाड नगरिकन सेवा लिन पनि आग्रह गरे । इ-पासपोर्ट लागू भएपछि एमआरपी पासपोर्ट बन्द हुने हो की ? भन्ने चिन्ताले भिडभाड भएको हुनसक्ने बताउँदै उनले भ्रममा नपर्न आग्रह गरे ।

**इ-पासपोर्ट मंसिर १५ गतेदेखि**

यसैबीच राहदानी विभागले मंसिर १५ गतेदेखि सर्वसाधारणका लागि विद्युतीय राहदानी इ-पासपोर्ट वितरण गर्ने भएको छ । विभागका अनुसार नयाँ सार्वजनिक गरिएको राहदानी ३४ र ६६ पृष्ठको हुनेछ । जसकारण अब यात्रा गर्नेहरूले पेज सकिएर राहदानी धाइरहनुपर्ने समस्या धेरै हदसम्म हट्ने विश्वास लिइएको छ । सुरक्षाका लागि यसमा इलेक्ट्रोनिक चिप्स राखिएको छ । जसलाई जाँच गर्न आफूसँग २ ओटा ८ मिटरका पूर्ण अटोमेटिक मेसिन रहेको विभागले जनाएको छ ।

केन्द्रीयस्तरमा जारी भएको इलेक्ट्रोनिक पासपोर्ट मंसिर १५ गतेदेखि देशभरका जिल्ला प्रशासन कार्यालयबाट जारी हुनेछ । यसअघि नेपालमा ६ प्रकारका मेसिन रिडेबल पासपोर्ट जारी गरिँदै आएकोमा विद्युतीय पासपोर्ट पनि ६ रंगमा जारी हुनेछ । सर्वसाधारणलाई चकलेटी रंगको पासपोर्ट वितरण गरिनेछ । मंसिर २ गतेदेखि सीमित सेवाग्राहीलाई विद्युतीय चिपमा आधारित पासपोर्ट वितरण भएको छ । त्यस्तै मंसिर १५ गतेदेखि सबै सेवाग्राहीले इलेक्ट्रोनिक पासपोर्ट बनाउन सक्नेछन् । व्यक्तिगत, कूटनीतिक अधिकारी, आधिकारिक, शान्ति मिसनमा जाने सुरक्षाकर्मी, ट्राभल डकुमेन्ट, अस्थायी पासपोर्ट र रेकर्ड बुक गरी सात प्रकारका विद्युतीय पासपोर्ट आउन लागेको विभागले जनाएको छ ।

# आजदेखि गौरती भिमशेन मेला



**सिन्धुपाल्चोक/मस-** सिन्धुपाल्चोक जिल्लाकै सबैभन्दा ठूलो मेला आजदेखि शुरु हुँदैछ । चौतारा सँगाचोकगढी नगरपालिकामा रहेको प्रसिद्ध ऐतिहासिक धार्मिक स्थल गौरती भिमेश्वर मन्दिरमा दुई दिने मेला शुरु हुन लागेको हो ।

मेलामा देशका विभिन्न जिल्लाबाट ठूलो संख्यामा भक्तजनहरु आएका छन् । पौराणीक कालमा जंगल रहेको सो डाँडोमा गोठालाहरुले खर्क राखी गाई चराउने गर्दथे । गाईले रातको समयमा एउटा ढिस्कोमा दुध चढाउने गरेको गोठालाहरुले देखेपछि भोलिपल्ट खनेर हेर्दा रगत देखा पर्नुको साथै दिव्य मूर्ती प्रकट भएको किम्बदन्ती रहेको छ । सो ठाउँमा दैनिक पूजा गरे भलो हुने बताएपछि सोही समयदेखि पूजाआजा गर्ने गरेको पाइन्छ । 'गौ' अर्थात् गाईले राती दुध चढाएको कारण गौरती भएको भन्ने मान्यता छ ।

दर्शनार्थीको सुविधालाई ध्यानमा राखि चौतारादेखि गौरती डाँडाँसम्म यातायातको व्यवस्था गरिएको छ भने काठमाडौंबाट पनि सिँधै बस तथा माइक्रोबसबाट जान सकिन्छ । मेलामा दर्शनार्थीहरुलाई मनोरञ्जन गराउन राष्ट्रिय तथा स्थानीय कलाकारहरुको बेजोड प्रस्तुतीसहित विभिन्न झाँकी तथा सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिने मेला आयोजक समितिले जनाएको छ । मेलामा सदरमुकाम चौताराबाट भिमसेनको मूर्तीलाई रथमा तानेर पूर्णिमाको रात गौरती मन्दिरमा रहेको मूर्तीसँग मिलन गराएपछि एकादशीको दिन पुनः फर्काइन्छ । त्यसदिन गुठीयारको घरघरमा समेत पूजा गर्ने चलन छ । तत्पश्चात सिन्दुरे जात्रासहित द्वाद्वशीको दिन मेला सम्पन्न गरिने परम्परा छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६५/११/१८ मा दर्ता भएको **प्रा.लि. नं. ६०७७६** को **ग्रिन तारा होटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**भूल सुधार**
मिति २०७८/०८/०२ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनी: TAWASUL TRANSPORT L.L.C, पूर्व स्वीकृती मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७८०० LT. No.: 250783 को विज्ञापनको शिर्षकमा **UAE मा Taxi Driver लाई रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।
फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.
लाजिम्पाट-२, भैरीधारा, काठमाडौं, नेपाल
E-mail: cv@futuregroup.com.np
web: www.futuregroup.com.np


## QATAR मा रोजगार

कम्पनी : INTERNATIONAL PRINTING, शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६७९५५ LT. No.: 251163

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Instal Technician | 3 | 0 | | 1100 | ३५,६२९ | | | | | | | |
| 3. | Printer | 5 | 0 | | 1500 | ४८,५८५ | | | | | | | |
| 4. | Gen Clean Worker | 2 | 0 | | 1000 | ३२,३९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १० गते (26 Nov. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बिनामाई इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं. १४६/०५६/०५७
मिनभवन, काठमाडौं, फोन नं. ४१०७२००, ४१०७०७९

## कतारमा रोजगार

१. कम्पनी : LITTLE PEARL SEAFOOD RESTAURANT, शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८००० LT. No.: 250958

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : FOOD CENTRE MAMOURA, शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८००३ LT. No.: 250957

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1300 | ४२,१०७ | | | | | | | |

३. कम्पनी : DOHA DEVELOPMENT CO. WLL (TATWER), शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८००६ LT. No.: 250728

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | स. काममा दक्ष | 1000 | ३२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## Qatar मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी:-Al Namer Trading & Cont., Doha, Qatar
पूर्व स्वीकृति मिति २०७८।०८।०२ चलानी नम्वर:-६०१६७९४४ Lt No. 250999

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | वार्षिक विदा | ओभर टाईम सुविधा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 03 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,१९५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Electric | 03 | | 1200 | ३९,१९५।- | | | | | | | |
| 3 | Mason | 15 | | 1200 | ३९,१९५।- | | | | | | | |
| 4 | Plumber | 02 | | 1200 | ३९,१९५।- | | | | | | | |
| 5 | Driver | 01 | | 1800 | ५८,७९५।- | | | | | | | |
| 6 | Accountant | 01 | | 3600 | ११७,५८५।- | | | | | | | |
| 7 | Labourer | 03 | | 1100 | ३५,९३०।- | | | | | | | |
| 8 | Blacksmith | 01 | | 1200 | ३९,१९५।- | | | | | | | |

२. कम्पनी:-Galaxy Cleaning & Maintenance Company WLL, Doha, Qatar
पूर्व स्वीकृति मिति २०७८।०८।०२ चलानी नम्वर:-६०१६७९४५ Lt No. 250998

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaner Worker | 05 | 05 | स.काममा दक्ष | 1000 | ३२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | निशुल्क |

**अन्तर्वार्ता २०७८ मंसिर १० गते (26 Nov., 2021) मेनपावर कार्यालय तिनकुनेमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**ब्रोडलिंक ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ९०७/०६७/६८
तिनकुने, काठमाण्डौं, फोन नं. ५१९९३७८, Email: broadlink907@gmail.com

## BAHRAIN मा रोजगारको अवसर

कम्पनी: THE ARCH HOTEL W L L, शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८०१३ L.T. No.: 251242

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter & Waitress | 3 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ३७,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reception & Receptionist | 1 | 2 | | 150 | ४७,१६० | | | | | | | |
| 3. | Cleaner | 2 | 3 | | 100 | ३१,४४० | | | | | | | |
| 4. | Security | 4 | 0 | | 150 | ४७,१६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६

## साउदीमा रोजगारको अवसर

कम्पनी: AGILITY COMPANY शहर : KSA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६८०२६ LT. No.: 250816

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

## SAUDI र UAE मा रोजगार

१. कम्पनी: MOHAMMED M. ALARJI CONT. CO, शहर: SAUDI
पुर्व स्वीकृत मिति : २०७८/०७/३० चलानी नं.: ६०१६७७८९ L.T. No.: 250516

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hand Cable winding Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: RELIANCE CONTRACTING COMPANY - WLL, शहर: UAE
पुर्व स्वीकृत मिति : २०७८/०७/३० चलानी नं.: ६०१६७७८८ L.T. No.: 250871

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 32 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 13 | 0 | | 1200 | ३८,७२४ | | | | | | | |
| 3. | Pipe Fitter | 3 | 0 | | 1200 | ३८,७२४ | | | | | | | |

**अन्तर्वार्ता काठमाडौं, जनकपुर र बुटवलमा २०७८ मंसिर ९, १० र ११ गते (25. 26 & 27 Nov. 2021) मा हुनेछ ।**
**9863197435, 9851205588 (Kathmandu), 9854029715, 9851136596 (Janakpur), 9857031904 (Butwal)**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले | रोजगार दाताले | रोजगार दाताले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Ajeets Management and Development Company Pvt. Ltd.**
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Slesh Mantak Marga, Sinamangal-9, Panchakumari Mandir Kathmandu
Phone : 014579390, 9851205588/9863197435, 9851136596
E-mail : nepalajeets@gmail.com

## साउदीमा रोजगार

कम्पनी : THE FIRST PLAN BEVERAGE SERVICES CAFE., शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६७९१५ LT. No.: 250993

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com

## कतारमा रोजगार

१. कम्पनी : ZAHRAT ALMDAIN FOR SERVICES, शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६७९३१ LT. No.:250758

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 2000 | ६४,७८० | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३२,३९० | | | | | | | |

२. कम्पनी: : AL SEKAK PLASTIC PRODUCTION AND RECYCLING FACTORY, शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६७९३० LT. No.:250759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 2000 | ६४,७८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ ।**

